# नेपाल कानुन व्यवसायी परिषद्द्वारा लिइने अधिवक्ता तहको परीक्षाको पाठ्यक्रम २०७२ (निर्णय मिति २०७२।०६।०५ मंगलवार)

पाठ्यक्रमको उद्देश्य र लक्ष्य :

नेपाल कानून व्यवसायी परिषद ऐन, नियम र प्रचलित अन्य नेपाल कानून एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित न्यायका मान्य सिद्धान्त अनुकुल पेशागत दक्षता, मर्यादा र आचरणको सुनिश्चिततासहितको सक्षम, समर्पित एवम् समाज र राष्ट्रप्रति जिम्मेवार कानून व्यवसायीद्वारा प्रतिनिधित्व र सेवा प्रदान गर्नका लागि आवश्यक पर्ने न्यूनतम सैद्धान्तिक एवं व्यवहारिक ज्ञान तथा शीपको मुल्याङ्कनका लागि नेपाल कानून व्यवसायी परिषदद्वारा पूर्व पाठ्यक्रमलाई प्रतिस्थापन गरी यो पाठ्यक्रम निर्माण गरिएको छ । उल्लिखित पाठ्यक्रमहरूले देहायका उद्देश्यहरू प्राप्त गर्ने लक्ष्य राखेको छ :-

१. कानुन व्यवसायीका लागि इच्छुक व्यक्तिहरुमा रहने वा रहनु पर्ने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानुनको प्रकृति, विशेषता एवं विशिष्टता अनुरुप सर्वमान्य र मौलिक परिवेशको सारभूत सिद्धान्त र मान्यता सहितको सैद्धान्तिक ज्ञानको परीक्षण गर्ने ।

२. कानुनी अधिकार र उपचारका लागि कानुन र न्यायका मान्य सिद्धान्तहरू समेतले अंगिकार गरेका कार्यविधि र प्रमाण कानुनका सम्बन्धमा परीक्षार्थीहरूमा रहेको ज्ञानको परीक्षण/मूल्याङ्कन गर्ने ।

३. परम्परागतका साथै आधुनिकताले जन्माएका विवादहरूको स्वरुप, क्षेत्र, अन्तर्निहित तत्वहरू सहितको विषयगत गाम्भिर्यता र सो बाट उब्जिएका परिणाम तथा उपचार समेतका बारेमा व्यवस्था गर्ने सामान्य र विशेष कानूनको प्रयोग गर्न सक्ने सक्षमता एवम् शीपको परीक्षण गर्ने ।

४. कानून व्यवसायीका लागि आवश्यक पर्ने कानून तथा प्रतिपादित सिद्धान्तको व्याख्या, तुलनात्मक विश्लेषण एवम् समीक्षा गरी कानूनको प्रयोग गर्ने शीप, कला र ज्ञानको परीक्षण एवम् मूल्याङ्कन गर्ने ।

५. उपलब्ध गराइएको विवादको तथ्यलाई सम्बन्धित कानुनी प्रावधान र प्रतिपादित सिद्धान्तका आधारमा अध्ययन गरी समस्याको उचित पहिचान गरी अपेक्षित उत्तर दिन र आवश्यक मस्यौदा गर्ने शीपको मूल्याङ्कन गर्ने ।

## पाठ्यक्रमको प्रारुपः

| भाग | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|
| १. | संवैधानिक, प्रशासनिक तथा अन्तर्राष्ट्रिय कानुन | १०० | ४५ |
| २. | फौजदारी, देवानी तथा वाणिज्य कानुन | १०० | ४५ |
| ३. | प्रमाण कानुन र कार्यविधि कानुन | १०० | ४५ |
| ४. | कानुन व्यवसायी परिषद्, कानुन व्यवसायीको आचार संहिता एवं मिसिल अध्ययन र अभ्यास | १०० | ४५ |
| ५ | मौखिक परीक्षा | २५ | १० |

## विस्तृत पाठ्यक्रम

**भाग १ : संवैधानिक, प्रशासनिक तथा अन्तर्राष्ट्रिय कानुन १००**

**क) संवैधानिक कानुन ५०**

१. संविधान र संविधानवादका आधारभूत सिद्धान्तहरू

२. नेपालको संवैधानिक विकासक्रम

३. नेपालको संविधानका आधारभूत विशेषताहरू

४. मौलिक हक र संवैधानिक उपचार

५. राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूको औचित्यता र परिसीमा

६. स्वतन्त्र न्यायपालिकाको आधारभूत सिद्धान्तहरू

७. संविधान एवम् कानूनको व्याख्यामा सर्वोच्च अदालतको योगदान

८. नेपालको संवैधानिक अंगहरू

९. सविधान संशोधनका आधारभुत मान्यता र प्रकृया

**ख) प्रशासनिक कानुन** २५

१. प्रशासनिक कानुनको प्रकृति, क्षेत्र र स्रोत

२. प्रशासनिक कानून र विधिको शासन

३. शक्तिपृथकीकरणको सिद्धान्तः प्रयोग, नियन्त्रण र सन्तुलन

४. प्रत्यायोजित विधायन र यसका परिसीमाहरु

५. प्रशासनिक स्वविवेक

६. प्राकृतिक न्यायको सिद्धान्त

७. प्रशासनिक कार्यको न्यायिक पुनरावलोकन

८. अर्धन्यायिक निकाय, प्रशासकीय न्यायाधिकरण तथा प्रशासकीय अदालत

**ग) अन्तर्राष्ट्रिय कानून** २५

१. सार्वजनिक एवं निजी अन्तर्राष्ट्रिय कानुनका प्रकृति, कार्यक्षेत्र र सिद्धान्त

२. अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनको अन्तर्सम्बन्ध (अवधारणा)

३. अन्तर्राष्ट्रिय सन्धी र यसको कार्यान्वयन

४. अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको अन्तर्सम्बन्ध, परिसीमा र प्रयोग

५. अन्तर्राष्ट्रिय कानुनका् स्थानीय र विश्वव्यापी अधिकारक्षेत्र

६. नेपालको कानुनमा अन्तर्राष्ट्रिय कानूनको स्थान र प्रयोग

## भाग २ः फौजदारी, देवानी तथा वाणिज्य कानुन १००

**(क) फौजदारी कानुन** ४०

१. शरीर एवम् सम्मान सम्बन्धी अपराध

(क) ज्यान,

(ख) कुटपिट,

(ग) मानव बेचबिखन तथा ओसार पसार,

(घ) जवर्जस्तीकरणी, हाडनाता

(ङ) आशयकरणी, अपहरण तथा शरीर बन्धक लिने राख्ने

(च) गाली बेइज्जती

२. लागु औषध सम्बन्धी अपराध

३. भ्रष्टाचार र सम्पत्ति सुद्धिकरण

४. सम्पत्ति सम्बन्धी अपराध

(क) चोरी

(ख) ठगी

(ग) लुटपिट

५. लिखत कागज सम्बन्धी अपराध

(क) कीर्ते,

(ख) जालसाजी

६. संगठित अपराध

७. बैकिङ्ग कसुर सम्बन्धी अपराध

८. बीमा कसुर सम्बन्धी अपराध

९. विद्युतीय अपराध (साइबर क्राईम)

१०. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र प्रहरी तथा सरकारी वकीलको भूमिका

## (ख) देवानी कानुन ४०

१. सम्पत्ति सम्बन्धी कानूनः-

१.१ सम्पत्तिका प्रकारहरू ,

१.२ बौद्धिक सम्पत्ती,

१.३ स्वामित्व र भोगाधिकार,

१.४ रजिष्ट्रेशन,

१.५ नामसारी,

१.६ जग्गा दर्ता, खिचोला,

१.७ लेनदेन,

१.८ गुठी र गुठीको जग्गा सम्बन्धी कानूनी व्यवस्था,

२. पारिवारिक कानूनः-

२.१ अंशवण्डा,

२.२ अपुताली,

२.३ स्त्री अंश धन,

२.४ विवाहवारी,

२.५ लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद,

२.६ नाता कायम,

२.७ धर्मपुत्र, धर्मपुत्री,

३. क्षतिपूर्ति सम्बन्धी कानूनी व्यवस्था,

**(ग) वाणिज्य कानुन** **२०**

१. प्राकृतिक र कानुनी व्यक्ति

२. कम्पनीको स्थापना र संचालन

३. प्राइभेट र पब्लिक कम्पनीको दर्ता र संचालन

४. ट्रडमार्क, पेटेन्ट, डिजाइन

५. करार सम्बन्धी कानुन

६. एजेन्सी सम्बन्धी कानुन

७. श्रम सम्बन्धी कानुन

८. मध्यस्थता

९. कर सम्बन्धी कानुन

१०. वातावरण संरक्षण सम्बन्धी कानुनी व्यवस्था

## भाग ३ः प्रमाण कानुन र कार्यविधि कानुन १००

**(क) प्रमाण कानुन** **३०**

१. ठहर गर्नु पर्ने कुरा र सम्बद्ध कुरा

२. प्रमाण बुझ्न नपर्ने कुराहरु

३. अदालतले जानकारी लिने र अनुमान गर्ने कुराहरू

४. प्रमाणमा लिन हुने र नहुने कुराहरू

५. प्रमाणको भार

६. प्रमाणको प्रस्तुती र परीक्षण :-
   क. लिखत, मौखिक प्रमाण
   ख. साक्षी प्रमाण
   ग. विशेषज्ञको राय

७. विवन्धन

**(ख) कार्यविधि कानुन** **७०**

१. रिट र निवेदन सम्वन्धी कार्यविधि :-
   (क) जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतमा दर्ता हुने रिट निवेदन तथा प्रतिवाद
   (ख) बिलम्वको सिद्धान्त
   (ग) निषेधाज्ञा सम्बन्धी कार्यविधि
   (घ) अन्तरिम आदेश

२. हकदैया सम्वन्धी व्यवस्था :-
   (क) हकदैयाको अवधारणा एवम् सिद्धान्त
   (ख) हकदैया (निजी)
   (ग) सार्वजनिक हित र सरोकारको विषय

३. अधिकारक्षेत्र सम्वन्धी व्यवस्था :-
   (क) अधिकार क्षेत्रको अवधारणा र सिद्धान्त
   (ख) जिल्ला अदालतको अधिकार क्षेत्र

(ग) पुनरावेदन अदालतको अधिकार क्षेत्र

(घ) सर्वोच्च अदालतको साधारण र असाधारण अधिकार क्षेत्र

(ङ) विशेष अदालतको अधिकार क्षेत्र

(च) अर्धन्यायिक निकायको अधिकार क्षेत्र

४. हदम्याद सम्वन्धी व्यवस्था :-

(क) हद म्यादको अवधारणा र सिद्धान्त

(ख) हदम्याद लाग्ने र नलाग्ने मुद्दाहरू

(ग) हदम्याद सम्वन्धी व्यवस्थाका अपबादहरू

५. कोर्ट फी सम्बन्धी व्यवस्था

६. म्याद र तारिख सम्वन्धी व्यवस्था

७. वारेस सम्वन्धी व्यवस्था :-

(क) साधारण वारिस

(ख) अधिकृत वारिस

(ग) वारिस बदर हुन सक्ने अवस्था

८. सामान्य, संक्षिप्त र विशेष कार्यविधि

९. अन्तरकालिन आदेश

१०. नजीर सम्बन्धी व्यवस्था

११. सरकारवादी फौजदारी मुद्दाको कार्यविधि :

(क) अपराधको जाहेरी/सूचना

(ख) अनुसन्धान गर्दा अनुसन्धान अधिकारीले अपनाउनु पर्ने प्रक्रिया र ध्यान दिनुपर्ने कुराहरू

(ग) अपराधको तहकिकात सम्बन्धी कानुनी व्यवस्था

(घ) पीडितको बयान प्रमाणित सम्बन्धी व्यवस्था

(ङ) म्याद थपका आधारहरू

(च) अभियोगपत्र दायर गर्दा अपनाउनुपर्ने कार्यविधि

(छ) अभियुक्त (प्रतिवादी) को अदालत समक्ष बयान

(ज) थुनछेक सम्बन्धी व्यवस्था

(झ) थुनछेकको आदेश उपर माथिल्लो अदालतमा निवेदन दिन सकिने कानूनी व्यवस्था

१२. खुला इजलास र बन्द इजलास सम्बन्धी व्यवस्था

१३. अदालतको अनुमति लिएर संरक्षक/नातेदारले मुद्दा दायर गर्न सक्ने व्यवस्था

१४. मुद्दा सुनवाइमा प्राथमिकता

१५. फैसला र अन्तिम आदेश

१६. बहस पैरबी सम्बन्धी व्यवस्था

१७. पुनरावेदन सम्बन्धी कार्यविधि

१८. मुद्दा दोहोर्‍याउने र पुनरावलोकन सम्बन्धी कार्यविधि

१९. फैसला र अन्तिम आदेश कार्यान्वयन सम्बन्धी व्यवस्था

**भाग ४ कानुन व्यवसायी परिषद्, कानुन व्यवसायीको आचारसंहिता, मिसिल अध्ययन र अभ्यास १००**

**क. कानुन व्यवसायी परिषद् र कानुन व्यवसायीको आचार संहिता ३०**

१. नेपाल कानुन व्यवसायी परिषद् र नेपाल बार एशोसियसनको सम्बन्ध र भिन्नता

२. नेपाल कानुन व्यवसायी परिषद्को काम, कर्तव्य र अधिकार

३. कानुन व्यवसायी र कानुन व्यवसायीको भूमिका र आचार संहिता सम्बन्धी व्यवस्थाहरूः-

क. कानुन व्यवसायी परिषद् ऐन, २०५०

ख. कानुन व्यवसायीको आचार संहिता २०५१

ग. कानुन व्यवसायीको कार्यालय दर्ता र कार्यालय संचालन नियमावली, २०६९

घ. कानुन व्यवसायीको अनुशासन समिति (कार्य व्यवस्था) नियमावली, २०५८

ङ. कानुन व्यवसायीको भूमिका सम्बन्धी संयुक्त राष्ट्रसंघका आधारभूत सिद्धान्तहरू, १९९०

**ख. मिसिल अध्ययन, लिखतको मस्यौदा र मिसिलसँग सम्बन्धित विषयवस्तुको ज्ञान ५०**

१. लिखतको मस्यौदाः-

क. रिट निवेदन

ख. लिखित जवाफ

ग. निषेधाज्ञाको निवेदन

घ. जाहेरी दरखास्त

ङ. प्रतिवादीको बयान

च. अभियोग पत्र

छ. थुनछेक आदेश

ज. १७ नं. निवेदन

झ. फिरादपत्र

ञ. प्रतिउत्तरपत्र

ट. पुनरावेदनपत्र

ठ. मुद्दा दोहोऱ्याउनका लागि दिइने निवेदनपत्र

ड. मुद्दा पुनरावलोकनको निवेदनपत्र

ढ. बहस नोट

ण. मिलापत्रको दरखास्त

त. रोक्का तथा बेरितको आदेश उपरको निवेदन

थ. फैसला कार्यान्वयनका लागि दिइने दरखास्त

**२.** मिसिलसँग सम्बन्धित विषयवस्तुको ज्ञान : **२०**

क. सम्वद्ध तथ्य र प्रमाणहरू

ख. सोधपुछ, जिरह र पुनः सोधपुछका प्रश्नहरू

ग. लिखत प्रमाण र यसको परीक्षण

घ. मुद्दाको तथ्यगत प्रश्न र कानूनी प्रश्न